लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

फोन नं. ०९१-४१९०१५
फयाक्स नं. ०९१-४१९०९४

प.स.२०८१/०८२

मिति :-२०८१/११/१८

च.न.

**विद्यालयको अन्तिम लेखा परिक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना !**

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१/११/१८ )**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगंत विद्यालयहरुको गत आर्थिक वर्ष २०८०/८१ (विगत आ.व. को लेखापरिक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को अन्तिम लेखापरिक्षण गर्ने गराउने प्रयोजनका लागि लेखापरिक्षकको विवरण तयार गर्नु पर्ने भएकोले विद्यालयको लेखापरिक्षण गर्न ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता भई नविकरण गरेका ईच्छुक लेखापरिक्षणबाट मिति २०८१/११/१९ देखि मिति २०८१/१२/०४ दिनको ५ बजे भित्र देहायमा उल्लेखित कागजातहरुका प्रतिलिपि संलग्न राखि शिक्षा, युवा तथा खेलकुद शाखा आईपुग्ने गरि लम्कीचुहा नगरपालिकाको विद्यालय लेखापरिक्षण निर्देशिका, २०८० को अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु गराउनु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रसासकिय अधिकृत
सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

देहाय

१. फर्म दर्ता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)

२. नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)

३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र

३. नेपालि नागरिकताको प्रमाणपत्र

४. संस्थाको प्रोफाइल (इ-मेल ठेगाना र मोबाइल नम्बर सहित )

५. बहालबाला कर्मचारिहरुको हकमा सम्बन्धित कार्यालयको स्वीकृति पत्र

बोधार्थ :

श्री संचार तथा सुचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।

## विद्यालयको लेखा परिक्षणका लागि दिईने निवेदनको ढाँचा (अनुसूची २)

मिति :

श्री शिक्षा, युवा तथा खेलकुद शाखा

नगर कार्यपालिकाको कार्यालय

लम्कीचुहा नगरपालिका, कैलाली

विषय : विद्यालयको लेखा परिक्षणका लागि विवरण अध्यावधिक गरिदिने बारे ।

प्रस्तुत विषयमा लम्कीचुहा नगरपालिका अन्तर्गतका विद्यालयहरुको आ.व. (सूचना उल्लेख भएको आर्थिक वर्ष लेख्ने) को अन्तिम लेखा परिक्षणका लागि प्रकाशित सूचना बमोजिम मेरो नाममा रहेको फर्मबाट लेखा परिक्षण गर्न ईच्छुक रहेकोले तपशिलका प्रमाणपत्रका प्रतिवेदनहरु यसैसाथ संलग्न राखि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

लेखा परीक्षकको सही :

नाम :

फर्मको नाम :

ठेगाना :

मोबाइल नम्बर

इ-मेल ठेगाना

संलग्न कागजातहरु :

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि थान १

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको (ICAN) सदस्यता प्रमाणपत्रको प्रतिलिपि थान १

३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र थान १

४. नेपाली नागरिकताको प्रमाण थान १

५. संस्थाको प्रोफाइल थान १

६. सम्वन्धित कार्यालयको स्वीकृति पत्र (बहालबाला कर्मचारीहरुको हकमा मात्र) थान १